पाठ १५

१. कसले मात्रै सबै मानिसलाई जीवन दिनुहुन्छ ?

- परमेश्वरले ।

२. कयिन र हाबिल कहाँ जन्मिएका थिए ?

- अदनको बगैँचाभन्दा बाहिर ।

३. कयिन र हाबिल किन अदनको बगैँचाभन्दा बाहिर जन्मिएका थिए ?

- किनभने तिनीहरूका पिता आदम र माता हव्वाले परमेश्वरको आज्ञा उल्लङ्घन गरेर पाप गरे र परमेश्वरले त्यसैले तिनीहरूलाई अदनको बगैँचाबाट बाहिर निकालिदिनुभयो ।

४. किनभने परमेश्वरले आदम र हव्वालाई अदनको बगैँचाबाट निकालिदिनुभयो त्यसैले अब सबै मानिस कहाँ जन्मिन्छन् ?

- अदनको बगैँचाभन्दा बाहिर ।

५. परमेश्वरले किन हाबिल र तिनको बलिदान ग्रहण गर्नुभयो ?

- किनभने हाबिलले परमेश्वरले भनेको माने ।

- किनभने हाबिलले परमेश्वरसामु बलिदान स्वरूप भेडो ल्याए ।

- किनभने हाबिले परमेश्वरले भनेअनुसारको कुरा ल्याएर उहाँकहाँ आए ।

६. हाबिलले आफ्नो बारेमा के थाहा पाए ?

- हाबिलले आफू पापमा जन्मिएको कुरा थाहा पाए ।

- हाबिलले तिनको पापको दण्ड मृत्यु हो भन्ने थाहा पाए ।

७. हाबिलले परमेश्वरको बारेमा के कुरा थाहा पाए ?

- हाबिलले परमेश्वर पवित्र हुनुहुन्छ भन्ने कुरा थाहा पाए ।

- हाबिलले परमेश्वरले सबै पापको दण्ड मृत्यु दिनुहुन्छ भन्ने थाहा पाए ।

- हाबिलले परमेश्वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भन्ने कुरा थाहा पाए ।

- हाबिलले परमेश्वरले तिनले गरका पापहरूबाट तिनलाई जोगाउन उद्धारकर्ता पठाउनहुन्छ भन्ने कुरा पनि विश्वास गरे ।

८. परमेश्वरले किन कयिन र तिनले ल्याएको बलिदान अस्वीकार गर्नुभयो ?

- किनभने कयिनले परमेश्वरको आज्ञा उल्लङ्घन गरे ।

- किनभने कयिनले परमेश्वलाई बलिदानस्वरूप भेडो चढाउन ल्याएनन् ।

- किनभने कयिन उनको आफ्नै तरिकाले परमेश्वरकहाँ जान खोजे नकि परमेश्वरको तरिकाले ।

९. कयिनले आफ्नो बारेमा के विचार गरे ?

- कयिनले आफू पापमा जन्मिएको कुरा विचार गरेनन् ।

- कयिनले तिनको पापको दण्ड मृत्यु नै हो भन्ने कुरा विचार गरेनन् ।

१०. कयिनले परमेश्वरको बारेमा के विचार गरे ?

- कयिनले परमेश्वर पवित्र हुनुहुन्छ भन्ने कुरा विचार गरेनन् ।

- कयिनले परमेश्वरले सबै पापको दण्ड मृत्यु दिनुहुन्छ भन्ने कुरा विचार गरेनन् ।

- कयिनले परमेश्वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भने कुरा विचार गरेनन् ।

- कयिनले तिनले गरेका पापबाट तिनलाई बचाउन एकजना उद्धारकर्ता चाहिन्छ भन्ने विचार गरेनन् ।

११. कयिनको बलिदान अस्वीकार गरिसकेपछि परमेश्वर किन कयिनसँग बोल्नुभयो ?

- किनभने परमेश्वरले कयिनलाई प्रेम गर्नुभयो ।

- किनभने परमेश्वरले कयिनले तिनको पाप स्वीकार गरून् भन्ने चाहभयो ।

१२. के कयिनले परमेश्वको कुरा सुने ?

- सुनेनन् ।

१३. कयिनले कसको कुरा सुने ?

- कयिनले शैतानको कुरा सुने ।

१४. कयिनले के गरे ?

- कयिन रिसाए र तिनका भाइ हाबिलको हत्या गरे ।

१५. कयिनले गरेको कुरा के परमेश्वरले देख्नुभयो ?

- देख्नुभयो ।

- परमेश्वर सबै कुरा देख्नुहुन्छ र सबै कुरा थाहा पाउनुहुन्छ ।

१६. के परमेश्वरले कयिनलाई सजाय दिनुभयो ?

- हो, दिनुभयो ।

- परमेश्वरले सबै पापलाई दण्डित गर्नुहुन्छ ।

- परमेश्वरले सजाय नदिने कुनै पनि पाप छैन ।

- कयिनलाई परमेश्वरले आफूबाट टाढा लखेटेपछि तिनले के गरे आउनुस् पढौं ।

आउनुस् उत्पत्ति ४:१६-१९ र २३ पढौं ।

16 तब कयिन परमप्रभुको सामुन्नेबाट टाढा गएर अदनको पूर्वपट्टि
नोद देशमा बस्न थाल्यो।

17 कयिनको उसकी पत्नीसित सहवास भयो र तिनी गर्भवती भईन र
हनोक नाउँ भएको एउटा छोरा जन्माइन्। अनि कयिनले एउटा शहर
बनायो र त्यो शाहरको नाउँ हनोक राख्यो।

18 हनोकको ईराद नाउँको छोरा जन्म्यो। ईरादको एउटा छोरो भयो र
उसको नाउँ महूयाएल राखियो। महूयाएलको पनि मतूशाएल नाउँको
छोरो भयो अनि मतूशाएलको पनि लेमेक नाउँको छोरो भयो।

19 लेमेकले दुइवटी स्त्रीहरूसित विवाह गर्यो, तिनीहरूको नाउँ आदा र
सिल्ला थियो।

23 लेमेकले आफ्ना पत्नीहरूलाई भने, “हे आदा र सिल्ला ! लेमेकका
पत्नीहरू हो, म के भन्छु, सुन।
मलाई चोट पुर्याउने मानिसलाई मैले मारें, त्यस जवान केटोले मलाई
हिर्कायो मैले उसलाई मारें।

- कयिनले परमेश्वरको कुरा सुन्न अस्वीकार गरे ।
- कयिनले केवल शैतानको कुरा माने ।

- कयिनका दरसन्तानहरूले पनि कयिनकै उदाहरण पछ्याए ।
- कयिनका दरसन्तानहरूले पनि परमेश्वरको कुरा सुन्न अस्वीकार गरे ।
- कयिनका दरसन्तानहरूले पनि केवल शैतानको कुरा माने ।
- कयिनका दरसन्तानहरूले परमेश्वरको मार्ग पछ्याउन अस्वीकार गरे ।
- कयिनका दरसन्तानहरूले केवल तिनीहरूको आफ्नै बाटो पछ्याए ।
- कयिनले तिनको भाइ हाबिलको हत्या गरेजस्तै कयिनको एकजना दरसन्तान लेमेखले एकजना मानिसको हत्या गरे ।
- किनभने कयिनले परमेश्वरको कुरा सुन्न अस्वीका गरेको हुनाले कयिनका दरसन्तानले कयिनको उदाहरण पछ्याए र परमेश्वरको कुरा सुन्न पनि अस्वीकार गरे ।
- हामी सबैले परमेश्वरको कुरा सुन्नु महत्त्वपूर्ण छ ।
- यदि हामीले परमेश्वरको कुरा सुनेनौं भने हाम्रा छोराछोरीले पनि हाम्रै उदाहरण पछ्याउनेछन् र परमेश्वरको कुरा सुन्ने छैनन् ।
- कयिन र तिनका दरसन्तानहरू परमेश्वरको निम्ति जिएका थिएनन् ।
- कयिन र तिनका दरसन्तानहरू के का निम्ति जिएका थिए ?
- तिनीहरू केवल मोजमज्जा, पैसा र भौतिक सम्पत्तिको निम्ति जिएका थिए ।

- हामी पैसा र भौतिक सम्पत्तिको निम्ति जिउनुहुँदैन ।
- पैसा र भौतिक सम्पत्तिले हामीलाई बचाउँदैन ।
- केवल परमेश्वरले मात्रै हामीलाई बचाउन सक्नुहुन्छ ।
- केवल परमेश्वरले मात्रै हामीलाई शैतानको शक्तिबाट बचाउन सक्नुन्छ ।
- किनभने कयिनले हाबिलको हत्या गरेको हुनाले आदम र हव्वाले अर्को छोरा जन्माए ।
- आदम र हव्वाले तिनको नाम शेत राखे ।

आउनुस् उत्पत्ति ४:२५ पद पढौं ।

25 आदमको फेरि आफ्नी पत्नीसित सहवास भयो र तिनले फेरि एउटा छोरो जन्माइन् जसको नाउँ सेत राखियो। तिनले भनिन्, “कयिनले हाबिललाई मारेकोले उसको सट्टामा परमेश्वरले मलाई अर्को बालक दिनु भयो।”

- आदम र हव्वाले अदनको बगैँचामा पाप गरिसकेपछि परमेश्वरले तिनीहरूका निम्ति उद्धारकर्ता पठाइदिने प्रतिज्ञा गर्नुभएको कुरा तपाईंलाई सम्झना छ ?
- परमेश्वरले हाबिलको वंशद्वारा उद्धारकर्ता पठाउने योजना बनाउनुभयो किनभने तिनी परमेश्वरमा बाँचे ।
- तर शैतानले कयिनलाई हाबिलको हत्या गर्न उक्सायो ।

- शैतनले कयिनलाई हाबिलको हत्या गर्न उक्सायो किनभने ऊ चाहदैनथ्यो कि परमेश्वरले शैतानबाट मानिसहरूलाई बचाउन उद्धारकर्ता पठाउनुहोस् ।
- किनभने कयिनले हाबिलको हत्या गरेको हुनाले के शैतानले परमेश्वरलाई उहाँले गर्न भनेर निर्णय गरेका कुराहरू गर्नबाट रोक्यो ?
- रोकेन ।
- कसैले पनि परमेश्वरलाई उहाँले गर्न भनि निर्णय गरेका कामहरू गर्नबाट रोक्न सक्दैन ।
- किनभने कयिनले हाबिलको हत्या गरेको हुनाले के परमेश्वरले उद्धारकर्ता पठाउने भनी आफूले गर्नुभएको प्रतिज्ञा भुल्नुभयो ?
- भुल्नुभएन ।
- परमेश्वरले कहिल्यै पनि उहाँले गर्नुभएको प्रतिज्ञा भुल्नुहन्न ।
- परमेश्वरले किन आदम र हव्वालाई अर्को छोरा दिनुभयो जसको नाम शेत थियो ?
- किनभने कयिनले हाबिलको हत्या गरे त्यसैले परमेश्वरले शेतको वंशबाट उद्धारकर्ता पठाउने निर्णय गर्नुभयो ।
- परमेश्वर आफूले थालेका सबै कामहरू पूरा गर्नुहुन्छ ।

- परमेश्वरलाई कसैले पनि रोक्न सक्दैन ।
- परमेश्वरलाई शैतानले पनि रोक्न सक्दैन ।
- शेत हुर्किए र बिहे गरे ।
- शेतकी स्वस्नीले एउटा छोरा जन्माइन् ।
- शेतले तिनका छोराको नाउ एनोश राखे ।

आउनुस् उत्पत्ति ४:२६ पद पढौं ।

26 सेतको पनि एउटा छोरो भयो जसको नाउँ एनोश थियो। यही समयदेखि मानिसहरूले परमप्रभुलाई विश्वास गर्न थाले।

- परमेश्वरले हामीलाई उहाँको बाइबलमा भन्नुभएको छ कि जब शेतको सन्तान जन्मियो त्यस समयदेखि मानिसहरूले उहाँको नाउँको पुकारा गर्न शुरू गरे र उहाँमा विश्वास गरे ।
- हरेक मानिस जसले परमेश्वरलाई पुकार्दछ र परमेश्वरकहाँ परमेश्वरको बाटोबाट जान्छ, परमेश्वरले त्यसलाई स्वीकार गर्नुहुन्छ ।
- कालो वा गोरो, धनी वा गरीब, जवान वा वृद्ध, महिला वा पुरुष जो भए तापनि ।
- परमेश्वरलाई पुकारा गर्न जो भए तापनि र परमेश्वरको बाटोअनुसार परमेश्वरकहाँ जान्छ भने परमेश्वरले त्यसलाई स्वीकार गर्नुहुन्छ ।

- शेत र तिनको परिवारले परमेश्वरमा विश्वास गरेको भए तापनि त्यतिबेला धेरै मानिसले परमेश्वरमा विश्वास गर्दैनथे ।
- त्यसको धेरै समय पछि आदम मरे ।

आउनुस् उत्पत्ति ५:४-५ पद पढौं ।

[4]सेतको जन्म भएपछि आदम अझ 800 बर्ष सम्म जीवित रहे अनि उनको अरू पनि छोरा-छोरीहरू भए। [5]आदम 930 बर्षसम्म बाँचे र मरे।

- आदम किन मरे ?
- किनभने आदमले परमेश्वरको आज्ञा उल्लङ्घन गरे र शैतानले भनेको माने ।
- हव्वा पनि मरिन् ।
- हव्वा किन मरिन् ?
- किनभने हव्वाले पनि परमेश्वरको आज्ञा उल्लङ्घन गरिन् र शैतानले भनेको कुरा मानिन् ।
- आदिमा संसारमा मृत्यु थिएन ।
- परमेश्वर आदम र हव्वा मरेको चाहनुहुन्थ्यो ।
- परमेश्वर कोही पनि मरेको चाहनुहुन्नथ्यो ।
- सबै मानिसहरू किन मर्छन् ?

- हाम्रो पापको कारणले गर्दा ।

- परमेश्वरले पापको निम्ति तोक्नुभएको दण्ड के हो ?

- मृत्यु ।

- परमेश्वरले अब हामीलाई शेतको वंशका हनोक नाउँ गरेका मानिसको कथा उहाँको बाइबलमा भन्नुहुन्छ ।

आउनुस् उत्पत्ति ५:२२-२३ पद पढौं ।

[22] मतूशेलह जन्मेपछि हनोक 300 बर्ष सम्म परमेश्वरको पछि-पछि हिंडिरहे। यस अवधिमा उसको अरू छोरा-छोरीहरू जन्मे। [23] यसर्थ हनोक 365 बर्ष सम्म बाँचे।

- यद्यपि हनोकको पापमा जन्मिएका थिए तर पनि तिनले परमेश्वरमा विश्वास गरे र उहाँको आज्ञा माने ।

- हनोकले आफ्नो बारेमा के थाहा पाए ?

- हनोकलाई तिनी आफू आदम र हव्वाको सन्तानको रूपमा जन्मिएको थाहा थियो ।

- हनोकलाई तिनी आफू अदनको बगैँचाभन्दा बाहिर जन्मिएको थाहा थियो ।

- हनोकलाई तिनी आफू पापमा जन्मिएको कुरा थाहा थियो ।

- हनोकलाई तिनीहरू मृत्युमा जन्मिएको कुरा थाहा थियो ।
- हनोकले परमेश्‍वरको बारेमा के थाहा पाए ?
- हनोकलाई परमेश्‍वर पवित्र हुनुहुन्थ्यो भन्ने थाहा थियो ।

- हनोकलाई परमेश्‍वरले सबै पापको दण्ड मृत्यु दिनुहुन्छ भन्ने थाहा थियो ।
- हनोकलाई केवल परमेश्‍वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भन्ने थाहा थियो ।
- हनोकलाई परमेश्‍वरले मानिसहरूलाई शैतानबाट बचाउन एकजना उद्धारकर्ता पठाउनुहुन्छ भन्ने विश्‍वास थियो ।
- हनोकले अरू मानिसहरूलाई पनि परमेश्‍वरमा विश्‍वास गर्न आग्रह गरे ।
- तर धेरैजसो मानिसहरूले हनोकको कुरा सुन्न अस्वीकार गरे ।
- धेरैजसो मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्न अस्वीकार गरे ।

आउनुस् उत्पत्ति ५:२४ पद पढौं ।

24 एक दिन हनोक परमेश्‍वरसित हिंडिरहेको समयमा हनोक हराए।
परमेश्‍वरले उसलाई जिउँदै स्वर्ग लानु भयो।

- हनोकमाथि कस्तो अचम्मको घटना घट्यो ?

- परमेश्वरले हनोकलाई आफूसँगै स्वर्गमा रहनलाई लानुभयो ।

- स्वर्ग कस्तो छ ?

- स्वर्ग भनेको सुन्दर ठाउँ हो जहाँ उदासी र आँशु हुँदैन ।

- स्वर्ग भनेको सुन्दर ठाउँ हो जहाँ बिमारी र मृत्यु हुँदैन ।

- स्वर्ग भनेको त्यहाँ हो जहाँ परमेश्वर र उहाँका स्वर्गदूतहरू निवास गर्छन् ।

- तपाईंहरूमध्ये धेरै जना अमेरका जानुभएको छ ?

- छनौं ।

- तपाईंहरूमध्ये धेरै जना अमेरिका नजानुभए तापनि अमेरिका त्यहाँ छ ।

- हामीमध्ये कोही पनि स्वर्ग नगए तापनि स्वर्ग त्यहाँ छ ।

- स्वर्ग कहाँ छ ?

- स्वर्ग सूर्य, चन्द्रमा र ताराहरूभन्दा धेरै पर छ ।

- परमेश्वरले हनोकलाई किन स्वर्गमा लानुभयो ?

- के हनोकले कहिल्यै पाप गरेका थिएनन् ?

- होइन ।

- हनोक आदम र हव्वाका दरसन्तान थिए अरू सबै मानिसहरूजस्तै ।

- हनोक पापमा जन्मिएका थिए अरू सबै मानिसहरूजस्तै ।

- त्यसो भए हनोकलाई परमेश्वरले किन स्वर्गमा लानुभयो त ?
- किनभने हनोकले परमेश्वरको आज्ञा माने ।
- किनभने हनोक परमेश्वरकहाँ परमेश्वरको मार्ग भएर मात्रै गए ।
- किनभने परमेश्वरले नै सबै मानिसहरूलाई बनाउनुभएको हो त्यसैले परमेश्वर नै सबैका मालिक हुनुहुन्छ ।
- किनभने परमेश्वरले नै सबै मानिसहरूलाई बनाउनुभएको हो त्यसैले परमेश्वर सबै मानिससँग आफूले जसरी चाह्यो त्यसरी व्यवहार गर्न सक्नुहुन्छ ।
- किनभने परमेश्वरले हनोकलाई बनाउनुभएको हो, हनोकले परमेश्वरको आज्ञा माने, उहाँले हनोकलाई स्वर्गमा लानुभयो ।
- हनोक मरेका थिएनन् ।
- हनोक मर्नुभन्दा पहिल्यै परमेश्वरले तिनलाई स्वर्गमा लानुभयो ।
- हनोक मात्रै एकजना हुन् जो मरेनन् र तिनलाई परमेश्वरले स्वर्गमा लानुभयो ।
- हनोकका छोराको नाउँ मतूशेलह थियो ।

आउनुस् उत्पत्ति ५:२५-२७ पद पढौं ।

[25] जब मतूशेलह 186 बर्षको थिए उनको एउटा छोरो जन्मियो जसको
नाउँ लेमेक राखियो। [26] लेमेक जन्मिएपछि मतूशेलह 682 बर्ष सम्म
बाँचे। यस अवधि भित्र उनको अन्य छोरा-छोरीहरू पनि जन्मे।
[27] यसर्थ मतूशेलह 969 बर्ष सम्म बाँचे।

- हनोकका छोरा मतूशेलह संसारका अरू सबै मानिसहरू भन्दा धेरै वर्ष बाँचे ।

- मतूशेलह ९६९ वर्ष बाँचेका थिए ।

आउनुस् उत्पत्ति ५:२८-२९ र ३२ पद पढौं ।

[28] जब लेमेक 182 बर्षको थिए उनको एउटा छोरा जन्मियो। [29] उनले
आफ्नो छोरोको नाउँ नूह राखे। उनले भने, "यसले हाम्रो काममा
विश्राम देओस्। परमेश्वरले भूमिलाई श्राप दिनु भएकोले हामी खेतीको
लागि कठिन परिश्रम गर्छौं। तर नूहले हामीलाई विश्राम दिनु हुनेछ।"

[32] नूह 500 बर्ष पुगेपछि उनको शेम, हाम र येपेत नाउँ भएका छोराहरू
जन्मे।

- मतूशेलहका नातिको नाउँ नोआ थियो ।

- नोआ र तिनका छोराहरूका बारेमा हामी अर्को पाठमा थाहा पाउनेछौं ।